## बिलिङ प्रश्नहरू? हामी मद्दत गर्न यहाँ छौँ।

**हामीलाई कसरी सम्पर्क गर्ने:**

- आफ्नो MyGeisinger/MyChart खाता मार्फत बिलिङ प्रतिनिधिलाई सन्देश पठाउनुहोस्।
- हामीलाई 800-640-4206 मा फोन गर्नुहोस्।

**हामीलाई सम्पर्क गर्न केहि कारणहरू निम्न छन्:**

- बिलिङ कथन बुझ्न मद्दतका लागि
- भुक्तानी गर्न
- तपाईंको बीमा अद्यावधिक वा परिवर्तन गर्न
- तपाईंको पत्राचार ठेगाना अद्यावधिक गर्न
- भुक्तानीका विकल्पहरू छलफल गर्न
- हाम्रा थुप्रै ठाउँहरूमध्ये कुनै एकमा वित्तीय सल्लाहकारसितको बैठकको तालिका बनाउन

**तपाईंको Geisinger मेडिकल रेकर्ड**

हामीले तपाईंको खातामा सही रूपमा क्रेडिट गर्छौं भनी सुनिश्चित गर्न, बिरामीको Geisinger मेडिकल रेकर्ड नम्बर, ग्यारेन्टर नम्बर र जन्म मिति प्रदान गर्नुहोस्। प्रत्येक बिरामीसँग एउटा अद्वितीय मेडिकल रेकर्ड नम्बर र ग्यारेन्टर नम्बर हुन्छ। (एउटा ग्यारेन्टर बिल तिर्न जिम्मेवार व्यक्ति हो।) तपाईंलाई तपाईंको खाताको स्थिति जाँच गर्न यी नम्बरहरू मध्ये एउटा चाहिन्छ। तपाईंको कथनको शीर्षमा दुवै नम्बरहरू फेला पार्नुहोस्।

**Geisinger निम्न कुरा स्वीकार गर्छ:**

- व्यक्तिगत चेक, क्यासियर चेक वा मनी अर्डरहरू, *Geisinger Health* लाई भुक्तान योग्य
- Discover, Mastercard र Visa क्रेडिट वा डेबिट कार्डहरू
- Apple Pay र Google Pay
- नगद (तोकिएको स्थानमा)

**संक्षेप गर्न:**

- हामी सेवाहरू अघि अनुमानहरू प्रदान गर्न सक्छौं।
- हामीसँग तपाईंलाई बीमा कभरेज प्राप्त गर्न मद्दत गर्ने स्रोतहरू छन्।
- आर्थिक सल्लाहकारहरू व्यक्तिगत रूपले सहायता गर्न धेरै स्थानहरूमा उपलब्ध छन्।
- भुक्तानी सेवाको मिति अघि वा मितिमा बाँकी छ।
- हाम्रो आर्थिक सहायता कार्यक्रमले बिरामीहरूलाई आय तथा परिवारको आकारको आधारमा सहायता गर्छ।
- बिलिङबारे थप जानकारीका लागि geisinger.org मा जानुहोस्।

## कसरी तिर्ने

**अनलाइन:**

geisinger.org/billpay

geisinger.org/mygeisinger

**मेलबाट:**

Geisinger
P.O. Box 983154
Boston, MA 02298-3154

**फोनबाट:**

800-640-4206

**व्यक्तिगत रूपमा:**

कुनै पनि Geisinger स्थानमा

1708200-10/2024

# तपाईंको बीमा तथा भुक्तानी विकल्पहरू

Geisinger

**यो ब्रोसरले तपाईंलाई Geisinger सेवाहरूका लागि बिलिङ र भुक्तानी विकल्पहरू अझ राम्रोसँग बुझ्न मद्दत गर्नेछ। प्रश्नहरू? बिरामी सेवा कल केन्द्रलाई 800-640-4206 मा फोन गर्नुहोस्।**

**हामी सहायता गर्न खुशी छौं।**

## पूर्व-सेवा

Geisinger ले तपाईंलाई सेवाहरू प्रदान गर्नु अघि हेरचाहको लागत निर्धारण गर्न मद्दत गर्न सक्छ। तपाईंसँग चार विकल्पहरू छन्:

- MyGeisinger/MyChart मा लग इन गर्नुहोस् र मेनुबाट "बिलिङ", त्यसपछि "अनुमान" चयन गर्नुहोस्।
- 800-640-4206 मा फोन गर्नुहोस्।
- geisinger.org मा जानुहोस् र हाम्रो छिटो, निःशुल्क उपकरणमा पहुँच गर्न "तपाईंले प्रयोग गर्न सक्ने उपकरणहरू" खोज्नुहोस् जसले तपाईंलाई आफ्नो लागत-साझेदारी जिम्मेवारीको अनुमान दिन्छ।
- कुनै पनि Geisinger अस्पतालको सहायतामा एक आर्थिक सल्लाहकारलाई व्यक्तिगत रूपले भेट्नुहोस्।

### तपाईं बीमारहित हुनुहुन्छ भने, Geisinger विश्वसनीय सल्लाहकारले मद्दत गर्न सक्नुहुन्छ।

हामीसँग Pennsylvania राज्यमा आधारित बीमा मार्केटप्लेस साथै Pennsylvania को चिकित्सा सहायता कार्यक्रम (Medical Assistance program) मा पेन्नी सहायकहरू छन्। तिनिहरूले तपाईंलाई स्वास्थ्य सेवा गर्नु अघि बीमा गराउन सहयोग गर्न सक्छन्।

Geisinger विश्वसनीय सल्लाहकार सल्लाहकारसँग कुरा गर्न वा आमने सामने भेट्ने समय निर्धारण गर्न 855-849-1510 मा फोन गर्नुहोस्। यो सेवा निःशुल्क छ।

तपाईं बीमारहित हुनु हुन्छ र सेवाहरू पाउनका लागी छनोट गर्नु हुन्छ भने, छुट उपलब्ध हुन सक्छ। धेरै अवस्थामा, तपाईंले समय अगावै यी सेवाहरूका लागि भुक्तानी गर्नुपर्छ। मद्दतका लागि वित्तीय सल्लाहकारलाई सम्पर्क गर्नुहोस्।

### कभर नगरिएका सेवाहरू

केही सेवाहरू बीमाद्वारा कभर गरिएको छैन। तपाईंले सेवाहरू गर्नुअघि तपाईंको स्वास्थ्य बीमा प्रदायकले के कभर गर्छ भनी पत्ता लगाउन तपाईं जिम्मेवार हुनु हुन्छ। तपाईंले कभर नगरिएका सेवाहरू पाउनका लागी छनौट गर्न सक्नु हुन्छ। मद्दतका लागि वित्तीय सल्लाहकारलाई सम्पर्क गर्नुहोस्।

## बीमा बिलिङ

### के Geisinger मेरो बीमाको साथ सहभागी हुन्छ वा यो नेटवर्कमा हो?

Geisinger अधिकांश बीमा योजनामा सहभागी हुन्छ, तथा सूची बढ्दै जान्छ। हालैको सूचीका लागि:

- geisinger.org मा जानुहोस् र स्वीकृत बीमा खोज्नुहोस्।
- 800-640-4206 मा फोन गर्नुहोस्।

तपाईंको बीमाले Geisinger सँग भाग लिंदैन भने, हामी अझै पनि तपाईंलाई दाबी पूरा गर्न मद्दत गर्ने छौं।

- तपाईंसँग Geisinger को नेटवर्कमा भाग नलिने स्वास्थ्य रखरखाव संस्थाहरू (Health Maintenance Organization, HMO) योजना छ भने, तपाईंले भेटघाट अनुसूचित गर्नु अघि वित्तीय क्लियरेन्स र अनुमानित समायोजित चिकित्सा खर्चको भुक्तानी आवश्यक छ।* बीमा पछि कुनै पनि ब्यालेन्सको लागि तपाईं पनि जिम्मेवार हुनुहुनेछ। एक जना सहभागी (नेटवर्कमा) प्रदायक फेला पार्नाले तपाईंको खल्ती बाहिरको लागत कम गर्न मद्दत गर्न सक्छ।
- तपाईंसँग Geisinger को नेटवर्कमा भाग नलिने रुचाइएको प्रदायक संस्थाहरू (Preferred Provider Organizations, PPO) योजना छ भने, तपाईं एक जना सहभागी (नेटवर्कमा) प्रदायकमा जानु भन्दा बढी लागतको लागि जिम्मेवार हुनुहुनेछ।

**Medicaid भर्ना भएकाहरूलाई तिनीहरूको नेटवर्क भित्र हेरचाह खोज्न पठाइनेछ यदि तिनीहरूसँग तिनीहरूको बीमा कम्पनीबाट पूर्व-अनुमोदन छैन।*

### दाबीहरू दायर गर्न सहायता

अमेरिकाको कुनै पनि बीमा योजना, साथै Medicare र Pennsylvania मेडिकल असिस्टेन्सको लागि तपाईंको दाबीहरू फाइल गर्न पाउँदा हामी खुसी छौं। यहाँ तपाईंले आफ्नो अपोइन्टमेन्टमा निम्न के तयार गर्नुपर्छ:

- तपाईंको बीमा कार्ड
- तपाईंको बीमा कम्पनीबाट कुनै पनि दावी फारमहरू
- तपाईंको रोजगारदाताबाट कुनै पनि फारमहरू

### मेरो भुक्तानी कहिले बाँकी छ?

केही भुक्तानीहरू तपाईंले हेरचाह प्राप्त गर्नु अघि वा पाउने समयमा हुन्छ। हामी तपाईंको बीमा प्रदायकले निर्धारण गरे अनुसार कुनै पनि बाँकी ब्यालेन्सका लागि तपाईंलाई बिल गर्ने छौं।

### भुक्तानी योजनाहरू

तपाईंले बाँकी रहेको सम्पूर्ण शेष रकम तिर्न सक्नु हुन्न भने, हामीलाई तुरुन्तै सम्पर्क गर्नुहोस्। हाम्रा वित्तीय सल्लाहकारहरू भुक्तानी योजनाहरू* र अन्य विकल्पहरू छलफल गर्न खुसी हुनेछन्।

- MyGeisinger/MyChart मा लग इन गरेर आफ्नै भुक्तान योजना सेटअप गर्नुहोस्।
- हामीलाई 800-640-4206 मा फोन गर्नुहोस्।
- एक जना आर्थिक सल्लाहकारसँग व्यक्तिगत रूपमा कुरा गर्नुहोस्।

**भुक्तानी योजनाहरू $100 भन्दा बढी ब्यालेन्समा स्थापित हुन्छन्।*

### आर्थिक सहायता कार्यक्रम (Financial assistance program)

Geisinger ले आम्दानी दिशानिर्देश र परिवारको आकारमा आधारित बिरामीहरूलाई मद्दत गर्ने वित्तीय सहायता कार्यक्रम प्रदान गर्दछ।** थप जान्नका लागि:

- Geisinger.org/patient-care/patients-and-visitors/billing-and-insurance/need-help मा जानुहोस्।
- 800-640-4206 मा फोन गर्नुहोस्।
- कुनै पनि Geisinger अस्पताल सुविधामा वित्तीय सल्लाहकारसँग भेट्नुहोस्।

***Geisinger को वित्तीय सहायता कार्यक्रमले धेरैजसो सेवाहरू समेट्ने भए तापनि केही बहिष्करणहरू छन्।*

### अतिरिक्त बिलहरू

तपाईंले प्रदायक वा Geisinger बाहेक स्थानबाट एक बेग्लै बिल प्राप्त गर्न सक्नुहुनेछ। सम्पर्क जानकारीलाई तिनीहरूको भुक्तानी विकल्हरू थाहा पाउन यी बिलहरूमा उपयोग गर्नुहोस्।

## मुख्य शब्दहरू

Geisinger लाई तिर्नु पर्ने रकमको कुरा गर्दा तपाईंले परिचित हुनै पर्ने मुख्य सर्तहरूका सूची तल छ।

**सहभुक्तानी वा "कोपे"** – यो तपाईंले चिकित्सलाई भेट्ने प्रत्येक समय तिर्नुपर्ने आफ्नो मेडिकल बिलको अंश हो। यो तपाईंको स्वास्थ्य बीमा प्रदायकले निर्धारण गरेको एक पूर्व निर्धारित शुल्क हो तथा सेवाको मितिसम्म बाँकी छ।

**कटौती योग्य**– यो रकम तपाईंको स्वास्थ्य बीमा प्रदायकले भुक्तान गर्नु अघि तपाईंले चिकित्सा उपचारको लागि - उदाहरणका लागि, प्रति व्यक्ति $1,000 वा प्रति परिवार $3,000 भुक्तान गर्नुपर्छ। अधिकांश स्थितिहरूमा, प्रत्येक वर्ष एउटा नयाँ कटौतीयोग्य सन्तुष्ट हुनुपर्छ।

**सहबीमा**– यो तपाईंको बिलको अंश हो, प्रायश: तपाईंले एक थप कोपे तथा कटौतीयोग्य भुक्तानिको साथ गर्नेपर्छ। सहबीमा सामान्यतया कुल मेडिकल बिलको प्रतिशत - उदाहरणका लागि 20 प्रतिशत हुन्छ।

**तत्काल वा आकस्मिक उपचार** – अपाङ्गता वा जीवन वा अङ्गको क्षतिबाट बच्न चिकित्सकले तत्काल हेरचाहको आवश्यकता छ भनेर निर्धारण गर्दा आकस्मिक सेवालाई आवश्यक सेवाको रूपमा परिभाषित गर्न सकिन्छ।

**ऐच्छिक हेरचाह तथा सेवाहरू** – ऐच्छिक हेरचाह चिकित्सा हेरचाह वा सेवाहरू हुन् जसलाई निर्धारित गर्न सकिन्छ। तपाईंको हेरचाह अति आवश्यक नभए वा आपतकालिन नभए, तपाईंले सेवाको समयमा बिलको केहि अंशको भुक्तान गर्नेपर्छ। तपाईं वैकल्पिक हेरचाह प्राप्त गर्ने योजनामा हुनुभए, तपाईंले आफ्नो चिकित्सकीय भेटघाटहरू निर्धारण गर्नु अघि हामीलाई फोन गर्नुहोस्। हामी तपाईंसँग भुक्तानीको विकल्पहरू समीक्षा गर्नेछौं।